NJ: NUTA

# वक्रोक्ति सिद्धान्त र शैलीविज्ञानको तुलनात्मक अध्ययन

**अङ्गदमणि गौतम**
नेपाली विभाग, त्रि-चन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
**Email**: gautamangadmani@gmail.com

**लेखसार**

*वक्रोक्ति सिद्धान्त पूर्वीय साहित्य सिद्धान्तमध्ये एक समन्वयवादी एवं वस्तुनिष्ठ सिद्धान्त हो । यसका प्रवर्तक आचार्य कुन्तक हुन् र विस्तारक पनि उनी मात्र देखिन्छन् । शैलीविज्ञानको उदय सस्युरका नवीन भाषिक चिन्तनका माध्यमबाट पश्चिमी जगत्मा भएको र यसको विस्तार विभिन्न देशमा विविध सम्प्रदाय एवं विद्वान्बाट भएको देखिन्छ । वक्रोक्ति संस्कृत भाषाका सन्दर्भमा जन्मेको र शैलीविज्ञान पश्चिमी भाषाका सन्दर्भमा जन्मेको सिद्धान्त भए पनि वस्तुगत विश्लेषणका सन्दर्भमा यी दुवै एक अर्काबिच निकट सिद्धान्तका रूपमा देखिन्छन् । दुवैले काव्यकृतिलाई मूल आधार मानेर त्यसको वस्तुनिष्ठ विश्लेषणमा विश्वास गर्ने हुनाले दुवै सिद्धान्तको उद्भवका बिच लगभग नौ सय वर्षको अन्तर रहँदारहँदै पनि सिर्जना र सर्जकलाई हेर्ने अवधारणा तथा कृति विश्लेषणगत अवधारणामा भने करिब एकरूपता देखा पर्दछ । वक्रोक्ति सिद्धान्तमा वक्रताको तात्पर्य समस्त कविकर्मकौशल, काव्यसौन्दर्य तथा लोकोत्तर सर्जन हो भन्ने मान्दै काव्यकृतिलाई सर्जकका आत्मभावको भाषिक रूपान्तरणका रूपमा स्वीकार गरिने भएकाले मूलतः वर्णविन्यासवक्रता, पदवक्रता, वाक्यवक्रता, प्रकरणवक्रता र प्रबन्धवक्रताका आधारमा विश्लेषण गरी कृतिगत सौन्दर्य पर्गेल्ने काम गर्दछ । त्यसै गरी शैलीविज्ञानले पनि साहित्यिक अभिव्यक्तिलाई भाषिक कला र कुनै पनि काव्यकृतिलाई भाषिक प्रतीक मानेर मूलतः समानान्तरता, चयन, विचलन, अप्रस्तुत योजना आदिका आधारमा कृतिको विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गर्दछ । तसर्थ, वक्रोक्ति सिद्धान्त र शैलीविज्ञानका बिच उत्पत्तिगत भौगोलिक परिवेश र प्रारम्भविन्दुको समयमा समेत ठुलो अन्तराल भएर पनि पनि यी दुवै सिद्धान्तका अबधारणामा साम्यता रहेकाले तुलनीय पनि देखिन्छन् ।*

**शब्दकुञ्जी :** अप्रस्तुत योजना, चयन, वर्णविन्यासवक्रता, वाक्यवक्रता, विचलन, समानान्तरता ।

## विषयप्रवेश

वक्रोक्ति र शैलीविज्ञान भिन्नभिन्न भाषिक, भौगोलिक र कालिक परिवेशमा स्थापित एवं विकसित भएका साहित्यशास्त्रीय चिन्तन पद्धति हुन् । भाषिक र भौगोलिक परिवेशका दृष्टिले हेर्दा वक्रोक्ति हिमालयीय पृष्ठभूमि र संस्कृत काव्य विश्लेषणका सन्दर्भमा स्थापित भएको देखिन्छ भने शैलीविज्ञान आधुनिक भाषाविज्ञानको अभ्युदयपश्चात् पश्चिमी भाषा साहित्य विश्लेषणका सन्दर्भमा उदय भएको पाइन्छ । कालिक दृष्टिले हेर्ने हो भने वक्रोक्ति सिद्धान्तको प्रवर्तन नवौं शताव्दीको अन्त्यतिर कुन्तकले गरेका हुन् भने शैलीविज्ञानको उदय आधुनिक भाषाविज्ञानका जन्मदाता सस्युरका नवीन भाषिक अवधारणाबाट प्रेरणा ग्रहण गरी परवर्ती विभिन्न विद्वान्हरूबाट भएको मानिन्छ । भामह लगायतका पूर्ववर्ती आचार्यहरूले अलङ्कार विशेषका रूपमा ग्रहण गरेको वक्रोक्तिलाई

सर्वप्रथम कुन्तकले एक व्यापक र पूर्ण सिद्धान्तका रूपमा स्थापना गरे पनि उनका परवर्ती आचार्यहरूले महत्त्व नदिँदा यस सिद्धान्तको विकास र विस्तार कुन्तकमै सीमित रहेको देखिन्छ भने शैलीविज्ञानको प्रारम्भ सस्युरका चेला चार्ल्स बेलीबाट भए पनि यसको विकास एवं विस्तार विभिन्न विद्वान् एवं सम्प्रदायद्वारा विभिन्न देश एवम् भाषामा भएको पाइन्छ । यसरी भाषिक,कालिक र भौगोलिक भिन्नता रहे तापनि दुवैको कृति र कृतिकारलाई हेर्ने अवधारणामा भने साम्यता रहेको देखिन्छ । शैलीविज्ञानले भाषाविज्ञान र साहित्यशास्त्र वा भाषाविज्ञान र कलाशास्त्रका बिचमा बसेर साहित्यलाई भाषिककला र साहित्यिक कृतिलाई भाषिक प्रतीक मानेका छन् (शर्मा ,२०४८, पृ.६) यी दुवैतर्फका विशिष्टताहरूलाई आत्मसात् गरी कृतिको वस्तुगत विश्लेषण गर्ने र कुन्तकले पनि भाषावादी/ वस्तुवादी कोणबाट वक्रोक्तिको स्वरूप निरूपण गर्ने काम गरेका छन् (पौडेल, २०७६, पृ.६१४) । तसर्थ, यहाँ समान अवधारणाका सन्दर्भलाई लिएर सङ्क्षेपमा वक्रोक्ति र शैलीविज्ञानको तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन मूलतः सैद्धान्तिक अध्ययन भएकाले पुस्तकालय कार्यबाट वक्रोक्ति सिद्धान्त र शैलीविज्ञानसँग सम्बद्ध सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीभित्र विश्लेषण विधिबाट समानताका विन्दु पहिल्याएर मूलतः अवधारणागत साम्यता र विश्लेषणगत साम्यताका आधार निर्क्योल गरीतुलनात्मक अध्ययन गरिएको छ । दुवै सिद्धान्तको तुलनाका आधार समान तत्त्वलाई मानिएकाले असमान तत्त्वको खोजी गरिएको छैन । अध्ययनको संरचना एवं सामग्री प्रस्तुति ए.पि.ए पद्धतिमा र विश्लेषण निगमनात्मक विधिमा गरिएको छ। यसरी, पुस्तकालयबाट सङ्कलित सामग्रीको निगमनात्मक विधिद्वारा गरिएको विश्लेषणबाट समानताका विन्दु पहिल्याई गरिएको तुलनात्मक अध्ययनलाई ए.पि.ए. ढाँचामा आबद्ध गरी प्रस्तुतगर्नु नै यसको अध्ययन विधि रहेको छ ।

## ऐतिहासिक पृष्ठभूमि

खासगरी बिसौँ शताब्दीको प्रारम्भदेखि आधुनिक भाषाविज्ञानको विकास र विस्तारले साहित्यको भाषालाई समेत आफ्नो अध्ययनक्षेत्रभित्र समेट्यो र साहित्यको यही भाषापरक अध्ययन प्रक्रियाबाटै शैलीविज्ञानको उदय र विकास भयो ( नेपाल, १९९२, पृ.३०) । आधुनिक भाषाविज्ञानका जनक फर्डिनाण्ड डि सस्युरका नवीन अवधारणाहरूबाट परवर्ती विद्वान्हरूले साहित्यिक भाषाको वैज्ञानिक अध्ययनतर्फ प्रेरणा प्राप्त गरे । सस्युरकै एक शिष्य चार्ल्स बेलीद्वारा अलि बेग्लै अर्थमा भए पनि स्टाइलिस्टिक्सअर्थात् शैलीविज्ञान शब्दको प्रयोग पहिलोपल्ट गरेदेखि यसको उदय भएको मानिन्छ भने विकास र विस्तार प्राग् भाषाविज्ञानमण्डली, कोपेनहेगेन सम्प्रदाय, अमेरिकी संरचनावादी सम्प्रदाय, रसियाली रूपवाद र चेक रसियाली सम्प्रदाय, पोल्याण्ड, जर्मन, ब्रिटेन, स्पेन आदि बहुसम्प्रदाय र बहुराष्ट्रबाट भएको मानिन्छ (नेपाल, १९९२, पृ.५६-१०४) ।

वाक्छल, क्रीडालाप, परिहासजल्पित, चमत्कारपूर्ण वचन वा विदग्धता आदि अर्थमा प्रयोग हुँदै एक अलङ्कार विशेषका रूपमा मात्र रहेको आफूपूर्वको वक्रोक्ति शव्दलाई कुन्तकले नै व्यापक अर्थमा ग्रहण गरी एउटा परिपूर्ण, वस्तुगत एवं समन्वयवादी सिद्धान्तका रूपमा वक्रोक्ति सिद्धान्तको स्थापना गरेका हुन् । कुन्तकले आफ्नो ग्रन्थ वक्रोक्तिजीवितम्का माध्यमबाट वक्रोक्तिलाई एक व्यापक र वस्तुवादी सिद्धान्तका रूपमा स्थापित गरेर यस सिद्धान्तलाई काव्यको सर्वोपरि स्थानमा राख्ने प्रयत्न गरेको देखिन्छ (पोद्दार, १९३८, पृ. १७५) । कुन्तकले अन्य काव्यशास्त्रीय सिद्धान्तभन्दा वक्रोक्तिलाई काव्यको सर्वातिशायी एवं अपरिहार्य अर्थात् प्रधान तत्त्व मानेर आफ्नो ग्रन्थको नाम नै *वक्रोक्तिजीवितम्* राख्न पुगेको उल्लेख पनि पाइन्छ (शर्मा, १९६५, पृ.२०४) । वक्रोक्तिजीवितम्मा कुन्तकले एकातिर वक्रोक्ति सिद्धान्तको सैद्धान्तिक स्वरूपलाई वस्तुगत ढङ्गले प्रस्तुत गरेका

छन् भने अर्कातिर 'मेघदूत', 'कुमारसम्भव' तथा 'अभिज्ञान शाकुन्तल'बाट उदाहरण लिएर त्यसको व्यावहारिक समीक्षा गरी सिद्धान्तको कसीमा कृतिलाई घोट्ने काम गरेका छन् । त्यसैले कुन्तकलाई सिद्धान्तकार र वस्तुवादी एवं व्यावहारिक समीक्षक मानेर हेर्ने गरिएको पनि पाइन्छ (सिंह, २०१६, पृ. ६४) । आचार्य कुन्तकपश्चात् वक्रोक्ति सिद्धान्तको प्रचार प्रसारमा ज्यादै कमी आयो किनभने उनका परवर्ती आचार्यहरूले वक्रोक्ति सिद्धान्तलाई खासै महत्त्व दिएनन् । उत्तरवर्ती आचार्यले खासै महत्त्व नदिए पनि रचनाको वस्तुगत विश्लेषण पद्धतिमा यसको महत्ता सर्वोपरि रहेको छ किनभने आधुनिक युगमा जुन नयाँ नयाँ साहित्यिक आयाम आइरहेका छन् तिनको अधिकांश पृष्ठभूमि वक्रोक्तिमै निहित रहेको पाइन्छ (दिनेश, १९६६, पृ.१३७) । वास्तवमा बिसौँ शताब्दीमा आएर शैलीविज्ञानले अँगालेको भाषापरक र वस्तुगत विश्लेषण प्रणालीको स्वरूपलाई कुन्तकले दसौँ शताब्दीमै काव्यको लघुतम एकाइ वर्णदेखि उच्चतम एकाइ प्रबन्धसम्मको संरचनात्मक विश्लेषण निकै वैज्ञानिक एवं वस्तुगत ढङ्गले गरेर प्रस्तुत गरिसकेका थिए ।

## अवधारणागत समानता

शैलीगत विषय, रचयिता र रचनासम्बन्धी शैलीवैज्ञानिक अवधारणाका सन्दर्भमा कुन्तकको मान्यता र उनको विवेचनपद्धति अभूतपूर्व मान्न सकिन्छ। कुन्तकका दृष्टिमा काव्यमर्मज्ञलाई आनन्द प्रदान गर्ने सुन्दर व्यापार युक्त शब्द र अर्थको समान एवं अनिर्वचनीय रूपलाई साहित्य भनिन्छ र त्यही स्वभावगत सौन्दर्यले सहृदयको हृदयमा आल्हाद प्रदान गर्नु नै साहित्यको उपयोगिता हो (कुन्तक, १९५५, पृ.१८) । उनको यस धारणाले भाषा एवं शैलीविज्ञानका सम्बन्धमा निम्नलिखित कुराहरूलाई प्रस्तुत गरेको भनी मानिएको छ (प्रकाश, १९८३, पृ. ५८)।

क. भाषाका अन्य कार्यसँगै सहृदयलाई आल्हादित गराउने विशिष्ट अभिव्यक्तिसँग परिचित गराउनु पनि उसको सारभूत एवं सर्वाधिक महत्त्वपूर्ण कार्य हो ।
ख. भाषामा साहित्यिक तत्त्वको खोजी सौन्दर्यसँग सम्बन्धित छ ।
ग. काव्यशास्त्र वा सौन्दर्यशास्त्र वाक्यमा विशिष्ट आल्हादकारी सुन्दर अभिव्यक्तिको सौन्दर्य विश्लेषणसँग सम्बन्धित हुन्छ ।
घ. कुन्तकको वक्रोक्तिजीवितम् प्रतिपादित सिद्धान्तले भाषिक संरचनाका तहगत आधारमा उक्तिजन्य वक्रताको विश्लेषण गर्ने हुनाले आधुनिक भाषाविज्ञानका लागि उक्त ग्रन्थ शैलीवैज्ञानिक ग्रन्थका रूपमा देखा पर्दछ ।

शैलीविज्ञानले साहित्यलाई भाषिक कला मान्दै त्यसमा प्रयुक्त भाषाको विशिष्ट रूपको अध्ययन गर्दछ अनि साहित्यशास्त्र वा सौन्दर्यशास्त्रसँगको समन्वयमा काव्यमा विद्यमान सौन्दर्यजन्य घटकको अध्ययन गर्दछ (शर्मा, २०४८, पृ.६) । त्यस्तै कुन्तक पनि भाषाको सौन्दर्यसर्जक तत्त्वको अन्वेषण र विश्लेषणलाई काव्यशास्त्रको विषय मान्दछन् । उनले काव्यको आत्मा वक्रोक्तिलाई मानेर समग्र काव्यसौन्दर्यलाई उक्तिको वक्रताभित्र समेटेका छन् र वक्रताको अध्ययनका लागि जुन विश्लेषणको स्वरूप प्रस्तुत गरेका छन्, वास्तवमा त्यो भाषिक संरचनाको अध्ययन नै हो (प्रकाश, १९८३, पृ.५९) । कुन्तकले वाक्यविन्यासमा शब्दार्थको महत्त्वलाई प्रकाश पार्दै **बन्धो वाक्य विन्यासः, तत्र व्यवस्थितौ** भनेका छन् (कुन्तक, १९५५, पृ.२९) । यसबाट कुन्तकले शब्दार्थ वाक्यविन्यासमा व्यवस्थित हुनु अनिवार्य सर्त मानेको देखिन्छ भने आधुनिक शैलीविज्ञानमा पनि वाक्य वा डिसकोर्सका सन्दर्भमा वर्ण, पद, अर्थ एवं वाक्यविन्यासको विश्लेषण गरिन्छ (ठाकोर, १९९३, पृ. ५३) । तसर्थ, वक्रोक्तिमूलक अध्ययन प्रकारान्तरले भाषाको शैलीगत अध्ययन हो भन्ने मान्न सकिन्छ ।

कुन्तकले काव्यमर्मज्ञका लागि आल्हादक वक्र कविव्यापरयुक्त रचनामा व्यवस्थित शब्द र अर्थको समष्टिगत रूप नै काव्य हो, त्यसको पृथक् पृथक् सत्ता हुँदैन भन्ने मानेका छन् (कुन्तक, १९५५, पृ. १८) । यसरी व्याकरणमा जसरी पदअन्तर्गत प्रकृतिको र वाक्यअन्तर्गत पदको विश्लेषण हुन्छ, त्यसरी नै काव्यमा शब्द र अर्थको अथवा अलङ्कार र अलङ्कार्यको अध्ययन हुने हुनाले यिनको व्यष्टिमा होइन समष्टिमा काव्यकृति बुझ्नुपर्दछ भन्ने स्वीकार गर्दै कुन्तकले तहगत विश्लेषबाट समग्र काव्यकृतिको वक्रोक्तिमूलक सौन्दर्यान्वेषण गरेका छन् । यस्तै शैलीविज्ञानअन्तर्गत वैज्ञानिक संरचनावादको विकासपश्चात् भाषा र रचनाको संरचनावादी विश्लेषणको प्रारम्भ भयो, जसमा काव्यरचनाको संरचना र बुनोटको सूक्ष्म विश्लेषणको अवधारणा जागृत हुनुका साथै समग्र रचनाको स्वायत्तताको अवधारणा प्रतिष्ठित रह्यो (प्रकाश, १९८३, पृ.८३) । यसरी काव्यकृतिको बनोट र बुनोटको सूक्ष्म विश्लेषणमा केद्रित शैलीविज्ञानले कृतिको स्वतन्त्र अस्तित्व स्वीकारेझैँ कुन्तकले पनि शब्द र अर्थको समष्टिगत वैचित्र्यलाई काव्यको अस्तित्व स्वीकार गर्दै संरचनात्मक एवं व्यावहारिक विश्लेणअन्तर्गत गरेको काव्यकृतिका वर्णदेखि प्रबन्धसम्मका एकाइको तहगत विश्लेषण र समग्र काव्यकृतिको वक्रिम सौन्दर्यको उद्घाटन वास्तवमै भाषावैज्ञानिक एवं शैलीवैज्ञानिक विश्लेषण अनुरूप नै देखिन्छ ।

सामान्य भाषा र साहित्यिक भाषाका सन्दर्भमा शैलीविज्ञानले सामान्य भाषालाई अभिव्यक्तिको साधन मात्र मान्दै साहित्यिक भाषालाई साधनका साथै साध्य पनि मान्दछ । साहित्यिक भाषालाई सामान्य भाषाको विधिवत् विचलन मान्दै शैलीविज्ञानले सामान्य भाषा अभिधात्मक र साहित्यिक भाषा अभिधात्मक मात्र नभई लक्ष्यात्मक र व्यङ्ग्यात्मक समेत हुने मान्दछ (प्रकाश, १९८३, पृ.७१) भने कुन्तकले पनि 'शब्दार्थौ सहितौ काव्यम्' भनेर शब्द र अर्थको विशिष्ट एवं सन्तुलित प्रयोगले काव्य बन्ने कुरा उल्लेख गर्दै भाषाको प्रकृति र प्रकार्यका बिचमा स्पष्ट विभाजन गरेका छन् (कुन्तक, १९५५, पृ.१८) । उनले यस्तो सन्तुलित प्रयोगले काव्यमा वक्रिम सौन्दर्य सिर्जना हुने भएकाले साहित्यिक भाषा सामान्य भाषाभन्दा विशिष्ट वा विचित्र रूपको हुने मात्र होइन वक्रिम अभिव्यक्तिभित्र लक्ष्यार्थ र व्यङ्ग्यार्थ पनि अन्तर्भूत हुने तथ्यको सङ्केत समेत गरेका छन् (कुन्तक, १९५५, पृ.१९) । यस सन्दर्भमा पनि शैलीविज्ञान वक्रोक्तिसँग निकट देखिन्छ ।

शैलीलाई रचनाकारकेन्द्री मान्ने सन्दर्भमा पनि कुन्तक र शैलीवैज्ञानिक मान्यता निकट देखिन्छन् । कुन्तकले 'कवेः कर्म काव्यम्' भनेर कविकर्तृत्वलाई स्वीकार गर्दै विदग्ध सर्जकको वैशिष्ट्यअनुरूप काव्यका सुकुमार, विचित्र र मध्यम गरी तीनवटा मार्ग हुने कुरा गरेर शैली स्रष्टाअनुरूप हुने कुरा स्पष्ट रूपले बताएका छन् (कुन्तक, १९५५, पृ.९८) । यसैअनुरूप शैलीविज्ञानभित्र पनि शैली कुनै रचनाकारको विशिष्ट रचना प्रकार हो भनी शैलीलाई स्रष्टाकेन्द्री मान्ने अवधारणा पर्याप्त मात्रामा पाइन्छ (शर्मा, २०४८, पृ.३) । यसरी वक्रोक्ति र शैलीविज्ञान दुवैमा साहित्यिक रचना र रचनाकारलाई हेर्ने अवधारणामा समानता रहेको प्रस्ट देखिन्छ ।

## विश्लेषणगत समानता

कृतिको विश्लेषणगत पद्धतिका आधारमा पनि वक्रोक्ति र शैलीविज्ञान अत्यन्त नजिक देखिन्छन् । वक्रोक्ति र शैलीविज्ञानको केन्द्रमा भाषा रहने र विश्लेषणको साभिप्रायता प्रस्ट हुने हुनाले वक्रोक्तिभित्र काव्यबन्धमा उपस्थित उक्तिलाई महत्त्व दिइन्छ र शैलीविज्ञानमा पनि पाठमा अवस्थित उक्तिलाई नै विश्लेषणको आधार बनाइन्छ (ठाकोर, १९९३, पृ.५१) । यी दुवै वस्तुगत एवम् कृतिकेन्द्री विश्लेषणमा आधारित विश्लेषण पद्धति हुन् । किनभने, वक्रोक्तिका लागि वक्ता/प्रयोक्ता, प्रसङ्ग, श्रोता, परिस्थिति आदिलाई कृतिका सन्दर्भमा

अनिवार्य मान्दै कुन्तकले शुष्क तर्कवाक्य र अलङ्कारशून्य वस्तुकथन काव्योक्तिमा रूपान्तरण हुन नसक्ने ठानेर अनि शैलीविज्ञानले पनि सामान्य उक्तिभन्दा विचलन र समानान्तरतायुक्त उक्तिलाई काव्यमा अधिक महत्त्व दिएर कुन्तक र शैलीविज्ञान दुवैले शास्त्रभाषा वा लोकभाषालाई अलङ्कार या अग्रप्रस्तुति वा अप्रस्तुत योजनाद्वारा काव्यभाषामा रूपान्तरित गर्न जोड दिन्छन् (ठाकोर, १९९३, पृ.५२-५४)। शैलीविज्ञानमा कुनै पनि कृतिको विशिष्ट भाषिक सौन्दर्यको उद्घाटन गर्ने आधार तत्त्वका रूपमा समानान्तरता, चयन, विचलन, तथा अप्रस्तुत योजना आदिलाई लिने गरिन्छ (राम, २०१८, पृ.८२)। तसर्थ, पृथक् पृथक् रूपमा ती शैलीवैज्ञानिक आधार तत्त्वको परिचय लिई त्यसमा वक्रोक्तिको उपस्थिति के कस्तो अवस्थामा रहन्छ भनी हेर्नु सान्दर्भिक हुने देखिन्छ।

## वक्रोक्ति र समानान्तरता

समानान्तरता भन्नाले समान भाषिक एकाइ एक वा एकभन्दा बढी आवृत्त हुने कार्यलाई बुझिन्छ (शर्मा, २०४८, पृ.१०) । सर्जकले आफ्नो तीव्र भावावेगलाई प्रभावकारी ढङ्गले अभिव्यक्त गर्नका लागि अवलम्बन गर्ने विविध शैलीगत विकल्पमध्ये समानान्तरता पनि एक हो ( नेपाल, १९९२, पृ.१४५)। समानान्तरताको प्रतिफलन पुनरावृत्तिबाट हुन्छ र यसमा सामान्य वा प्रचलितको पुनःपुनः आवृत्ति वा प्रयोगगत अतिशयताको माध्यमबाट उक्ति चमत्कारको सिर्जना भएको हुन्छ (गौतम, २०५३, पृ.१६२)। कुनै एउटा व्याकरणिक संरचना वा भाषिक एकाइ दुई वा सोभन्दा धेरै पटक दोहोरिएर प्रयोग हुँदा समानान्तरता हुन्छ (तिवारी, १९७७, पृ.८८) र यही समानान्तरताबाट भाषा उच्चारणमा सहजता आउनुका साथै श्रवणमा सुमधुरता तथा प्रभाव ग्रहणमा स्पष्टता आउँछ (यशवन्ती, १९९६, पृ.६४) । यही प्रक्रिया वर्णविन्यासवक्रतामा भेटिन्छ । कुन्तकले वक्रोक्तिजीवितम्भित्र एक, दुई वा बहुव्यञ्जन वर्ण नियतस्थान वा अनियतस्थानमा पुनः पुनः आवृत्ति गर्दा उक्तिमा वक्रिमसौन्दर्य प्रकट हुने तथ्यलाई सोदाहरण प्रस्तुत गरेका छन् (कुन्तक, १९५५, पृ.६९-७०)। उनले प्रस्तुत गरेका वर्णआवृत्तिका अल्पान्तरआवृत्त, व्यवधानरहित आवृत्त, वर्गान्तयोगीस्पर्श, तलनादिद्वित्व, रकारादि तथा यमकाभासरूप शैलीविज्ञानको वर्ण वा ध्वनिको समानान्तरता नै हो । कुन्तकले यस्ता वर्ण वा ध्वनिको आवृत्तिबाट काव्यको सौन्दर्यान्वेषण हुनसक्ने कुरा व्यक्त गरेका छन् भने शैली विज्ञानमा पनि आवृत्तिमै प्रतिफलित समानान्तरता वर्ण वा ध्वनिका तहमा मात्र सीमित नभएर ध्वनि वा वर्ण, शब्द, वाक्यांश र वाक्य तहमा समेत विस्तार भएको देखिन्छ (चक्रवर्ती, १९९९, पृ.१५५-१५६) । यस आधारमा हेर्दा शैलीविज्ञानअन्तर्गत काव्यकृतिको भाषा विश्लेषणका उपकरणमध्ये एक समानान्तरतासँग मिल्ने प्रक्रिया वर्णविन्यासगत वक्रताका सन्दर्भमा कुन्तकले शैलीवैज्ञानिक अवधारणाको उदय हुनुभन्दा कैयौँ वर्षअघि नै अवलम्बन गरेको देखिन्छ।

## वक्रोक्ति र चयन

शैलीवैज्ञानिक विश्लेषणको अर्को उपकरण चयन हो । वास्तवमा भाषामा रहेका विकल्पहरूमध्येबाट सशक्त अभिव्यक्तिका लागि गरिने शब्द आदि भाषिक एकाइको सुविचारित छनौटलाई चयन भनिन्छ (शर्मा, २०४८, पृ.१०) । सर्जकले अनेक विकल्पहरूमध्ये कुनै एकको चयन स्वेच्छाले गर्न सक्छ, तर शब्दले बहन गर्नसक्ने विविध अर्थलाई पहिल्याएर उचित प्रयोग गर्न सक्नु नै सर्जकको निजी कला हो (गौतम, २०५३, पृ.१३९) । उपर्युक्त चयनगत दृष्टिले पनि कुन्तकको मान्यता वा विधि शैलीविज्ञानसँग अन्योन्याश्रित देखिन्छ । उनले पर्यायवैचित्र्य वक्रता लगायत पदपूर्वार्द्ध वक्रतामा जुन छनौट वा चयनको सन्दर्भ उल्लेख गरेका छन् त्यो उपर्युक्त शैलीवैज्ञानिक धारणासँग हुबहु मिल्ने देखिन्छ किनभने कुन्तकले पर्याय चयनका सन्दर्भमा जहाँ अनेक पर्यायद्वारा पदार्थलाई प्रतिपादित गर्न सकिने अवस्था भएर पनि वर्ण्यपदार्थको अत्यधिक सौन्दर्य प्रकट गर्नका लागि

प्रकरणअनुरूप कुनै विशेष पर्यायको छनौट गरिन्छ, त्यहाँ पर्यायवैचित्त्य वक्रता हुन्छ भनी उल्लेख गरेका छन् (कुन्तक, १९५५, पृ.३८) । कुन्तकको यस भनाइबाट पनि शैलीवैज्ञानिक चयन प्रक्रियासँगको निकटता स्पस्टिन्छ । यसैगरी शैलीविज्ञानभित्र साहित्यिक अभिव्यक्तिमा जुन आलङ्कारिक वाक्यको चयनसन्दर्भको चर्चा गरिन्छ त्यो पनि कुन्तकको वाक्यवक्रताभित्र केही मात्रामा भेट्न सकिन्छ । यथार्थमा कुन्तकले पदपूर्वार्द्ध वक्रताअन्तर्गत जुन लक्षण वा पद्धति प्रस्तुत गरेका छन् त्यही नै शैलीविज्ञानको चयनप्रक्रिया हो भन्दा अत्युक्ति हुँदैन ।

## वक्रोक्ति र विचलन

विचलन साहित्यिक कृतिको विश्लेषणमा प्रयुक्त शैलीवैज्ञानिक उपकरणमध्ये एउटा हो । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ र यसका कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनिप्रक्रियात्मक विचलन, लेखप्रक्रियात्मक विचलन, अर्थतात्त्विक विचलन, भाषिक विचलन, प्रयुक्ति विचलन आदि रूप हुन्छन् (शर्मा, २०४८, पृ.११) । वास्तवमा काव्यमा लय, छन्द, तुकबन्दी वा अनुप्रास मिलाएर विशिष्ट भाव व्यक्त गर्न वा गद्य भाषालाई कलात्मक बनाउन स्तरीय भाषामा स्थापित व्याकरणिक विधि निषेधको उल्लङ्घन गरेर अथवा अप्रचलितको प्रयोग गरेर चमत्कार सृष्टि गरिएमा विचलन मानिन्छ (गौतम, २०५३, पृ.१४८) । शैलीविज्ञानको उक्त धारणा वा प्रयोगलाई कुन्तकले पनि पर्याप्त  अवलम्बन गरेको देखिन्छ । उनले वैदग्ध्यभङ्गीभणिति भनेर विदग्धतालाई विचलनयुक्त रूपमा प्रस्तुत गरेका छन् । त्यसै गरी वक्रोक्तिजीवितम्को उद्देश्यका सम्बन्धमा कुन्तकले लोकोत्तर चमत्कारी वैचित्र्यसिद्धिका लागि यहाँ केही अपूर्व काव्यालङ्कारको रचना गरिएको छ भनी उल्लेख गरेका छन् (कुन्तक, १९५५, पृ.७) । यसरी कुन्तकले वैचित्र्यसिद्धिलाई वक्रोक्तिको संज्ञा दिँदै त्यस्तो वक्रतापूर्ण सौन्दर्य वर्ण, पदपूर्वार्ध, पदपरार्ध, वाक्य, प्रकरण र प्रबन्ध आदि रचनाका छ स्तरमा खोजी गरेका छन् र ती सबै तहमा विचलनकै चमक रहेको देख्न सकिन्छ (प्रकाश, १९८३, पृ. १२९) । वास्तवमा कुन्तकनिर्दिष्ट पदपरार्धवैचित्र्य वक्रताअन्तर्गत लिङ्ग, वचन, पुरुष, काल, कारक, भाव आदि वैचित्र्यपूर्ण वक्रता विचलनअन्तर्गत व्याकरणिक विचलनकै रूप हुन् ।

## वक्रोक्ति र अप्रस्तुत योजना

सामान्यतया प्रतीक, बिम्ब वा सादृश्यका माध्यमबाट व्यक्त गरिनु अप्रस्तुत विधान हो र यसअन्तर्गत प्रायः उपमा, रूपक, उत्प्रेक्षा आदि सादृश्यमूलक अलङ्कारलाई लिन सकिन्छ (यशवन्ती, १९९६, पृ.७५) । कल्पनाका सहारामा कुनै अमूर्त वस्तु वा स्थितिलाई मूर्त रूपमा प्रस्तुत गरिनुलाई अप्रस्तुत योजना वा उपमान विधान भनिन्छ र यसका तत्त्वका रूपमा प्रतीक, बिम्ब र शब्दचित्रलाई लिने गरिन्छ (राम, २०१८, पृ.१६०) । यसरी शैलीविज्ञानभित्र अप्रस्तुत योजनाअन्तर्गत प्रतीक र बिम्बयोजनाका सन्दर्भमा जुन धारणा र विश्लेषणको विधि देखिन्छ, त्यो पनि कुन्तकको लोकोत्तर चमत्कारकारी वैचित्र्य भावभन्दा धेरै पर छैन । सामान्यभन्दा अपूर्व सौन्दर्य सृष्टिका लागि वाक्य, प्रकरण एवम् प्रबन्ध वक्रताभित्र जुन विधि प्रयोग गरेर अपूर्व सौन्दर्यको सृष्टि गरिन्छ त्यसैभित्र प्रतीक र बिम्बयोजना अन्तर्भूत भएको देखिन्छ । प्रतीयमान रूपक, प्रतीयमान व्यतिरेक, प्रतीयमान उपमा आदि व्यङ्ग्यमुखी वक्रोक्तिका उदाहरणलाई अप्रस्तुत योजनाका उदाहरण पनि मान्न सकिन्छ (श्रीवास्तव, १९८०, पृ.१६२) । वाक्यवक्रताअन्तर्गत जुन अलङ्कारविधानको चर्चा गरिएको छ, त्यसलाई पनि अप्रस्तुत योजनाअन्तर्गत राखेर हेर्न सकिन्छ ।

## निष्कर्ष

भाषाविज्ञानको नवीन प्रायोगिक शाखाका रूपमा उन्नाइसौँ शताब्दीको अन्त्य र बिसौँ शताब्दीको प्रारम्भमा उदाएको शैलीविज्ञानले भाषाविज्ञान र साहित्यशास्त्रको मध्यविन्दुमा उभिएर काव्यकृति विश्लेषणका निश्चित

आधार र प्रक्रिया तय गरेको छ । शैलीविज्ञानद्वारा निर्धारित साहित्यिक कृति विश्लेषणका विधि, प्रक्रिया, पद्धति एवं वस्तुगत दृष्टिलाई कुन्तकले नवौँ शताब्दी र दसौँ शताब्दीको बिचतिरै धेरै हदसम्म प्रयोग गरेको देखिन्छ । वक्रोक्ति सिद्धान्त र शैलीविज्ञान दुवैले वस्तुगत एवं व्यावहारिक विश्लेषणका माध्यमबाट कृतिगत मूल्य निर्धारण गर्ने समान तत्त्वगत अवधारणालाई अगाडि सारेको देखिन्छ । जसरी शैलीविज्ञानले समानान्तरता, विचलन, चयन र अप्रस्तुतयोजनाका माध्यमबाट कुनै पनि कृतिको ध्वनि तहदेखि सङ्कथनसम्मको विश्लेषण मात्र नभई कृतिको बनोट तथा बुनोटको समेत लेखाजोखा गरेर समग्र कृतिको सौन्दर्यगत वैशिष्ट्यलाई केलाउँछ त्यसरी नै वक्रोक्ति सिद्धान्तले पनि वर्णविन्यासवक्रतादेखि प्रबन्धवक्रतासम्मको सोपानक्रमिक विश्लेषणका माध्यमबाट काव्यकृतिको समग्र सौन्दर्य पर्गेल्ने कार्य गर्दछ । यसरी भाषिक, कालिक तथा परिवेशगत दृष्टिले निकै भिन्न सिद्धान्त भएर पनि साहित्यिक कृतिको वस्तुगत विश्लेषण दुवैको मूल आधार भएको र रचना एवं रचनाकारलाई हेर्ने दुवैको दृष्टिकोण प्रकारान्तरले एउटै भएकाले यी दुवै एक अर्कासँग निकै मात्रामा निकट देखिन्छन् । समयका दृष्टिले वक्रोक्ति सिद्धान्त शैलीविज्ञानभन्दा सयौँ वर्षअघि प्रवर्तित भएकाले शैलीविज्ञानको पृष्ठभूमि नै वक्रोक्ति सिद्धान्त त होइन भन्ने कुरा खोजको विषय हुनसक्छ तापनि कुन्तकलाई पूर्वीय शैलीविज्ञानका अधिष्ठाता एवं सिद्धान्तकारर विश्लेषक दुवै मानेर उनको मौलिक कृति वक्रोक्तिजीवितम्लाई शैलीवैज्ञानिक ग्रन्थका रूपमा लिँदा अतिशयोक्ति हुँदैन ।

## सन्दर्भसामग्रीसूची


अधिकारी, गङ्गाप्रसाद (२०६९).**तरुणतपसी नव्यकाव्यमा वक्रोक्ति**. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

कुन्तक (सन् १९९५). **हिन्दी वक्रोक्तिजीवित** (व्याख्या. विश्वेश्वर, सम्पा. नगेन्द्र). दिल्ली :आत्माराम एण्ड सन्स ।

कुन्तक (सन् १९७७). **वक्रोक्तिजीवितम्**. (संशोधन तथा अङ्ग्रेजी अनुवाद के. कृष्णमूर्ति). धारवाड : कर्णाटक विश्वविद्यालय ।

कृष्णमूर्ति,के. (सन् १९७७). 'परिचय'. **वक्रोक्तिजीवितम्** (ले. कुन्तक). धारवाड : कर्णाटक विश्वविद्यालय ।

गौतम, अङ्गद (२०५३). **परशु प्रधानको कथाशिल्प**. विराटनगर : वाणी प्रकाशन ।

चक्रवर्ती, श्रीमती कल्याणी (सन् १९९९). 'निराला की अनामिका का शैली वैज्ञानिक अध्ययन'.अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, भारत : वीरबहादुर सिंह पूर्वाञ्चल विश्वविद्यालय. बलिया ।

ठाकोर, अजित (सन् १९९३). 'कुन्तक की वक्रोक्ति विभावना एवं शैलीविज्ञान'. **भाषाशास्त्र की भारतीय परम्परा** (सम्पा.राधावल्लभ त्रिपाठी र अच्युतानन्द दास).दिल्ली : प्रतिभा प्रकाशन, पृ. ४५-५६ ।

तिवारी, भोलानाथ (सन् १९७७). **शैलीविज्ञान**. दिल्ली : शब्दकार ।

दिनेश, रामगोपाल शर्मा (१९६६).संस्कृत काव्यशास्त्र मे वक्रोक्ति-सम्प्रदाय. **काव्य-शास्त्र** (प्र.सम्पा. हजारीप्रसाद द्विवेदी). दिल्ली : भारती साहित्य मन्दिर, पृ. १३०-१३७ ।

नगेन्द्र (सन् १९७६).**शैलीविज्ञान**. दिल्ली : नेसनल पब्लिसिंग हाउस ।

पोद्दार, कन्यैयालाल (सन् १९३८). **संस्कृत साहित्य का इतिहास**.(द्वितीय भाग). बम्बई : जवाहिरलाल जैन ।

पौडेल, विष्णुप्रसाद (२०७६). 'वक्रोक्तिसिद्धान्त र यससँग शैलीविज्ञानको निकटता'. **रत्न बृहत् नेपाली समालोचना**. (सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ.६०३-६२१ ।

प्रकाश, राघव (सन् १९८३). **शैलीविज्ञान और पाश्चात्य एवं भारतीय साहित्यशास्त्र**. जयपुरः राजस्थान हिन्दी ग्रन्थ अकादमी ।

नेपाल, घनश्याम (सन् १९९२).**शैलीविज्ञान.** गान्तोक : आँकुरा प्रकाशन ।

यशवन्ती (सन् १९९६). 'भवानी प्रसाद मिश्र के काव्य का शैली-वैज्ञानिक अध्ययन'.अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, भारत : महर्षि दयानन्द विश्वविद्यालय. हरियाणा ।

राम, मंगत (सन् २०१८). 'शैलीविज्ञान की दृष्टि से गोविन्द मिश्र की कहानियों का विश्लेषण'. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, भारत : पञ्जाव विश्वविद्यालय चंडीगढ ।

शर्मा, ओमप्रकाश (सन् १९६५). **रीतिकालीन अलङ्कार-साहित्य का शास्त्रीय विवेचन**. दिल्ली : हिन्दी साहित्य संसार ।

शर्मा, ऋषिराम (२०७३). **भैरव अर्यालका निबन्धमा वर्ण वक्रता.** काठमाडौँ : एकता बुक्स प्रा.लि. ।

.............(२०७३).'गुरुप्रसाद मैनालीका कथामा वक्रता'. अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध, त्रिभुवन विश्वविद्यालय ।

शर्मा, मोहनराज (२०४८). **शैलीविज्ञान**. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

श्रीवास्तव, रवीन्द्रनाथ (सन् १९७६). 'वक्रोक्ति की सङ्कल्पना'. **भारतीय भाषाशास्त्रीय चिन्तन**
(सम्पा. विद्यानिवास मिश्र, अनिल विद्यालङ्कार, मणिकलाल चतुर्वेदी), जयपुर : राजस्थान हिन्दी ग्रन्थ अकादमी,पृ. ८२-९० ।

श्रीवास्तव, रवीन्द्रनाथ (सन् १९८०). **संरचनात्मक शैलीविज्ञान**. दिल्ली : आलेख प्रकाशन ।

सिंह, नामवर (सन् २०१६). 'अभिनव संस्कृत काव्यशास्त्र नामवरके नोट्स'.(प्रस्तुति शैलेशकुमार, मधुपकुमार र नीलम सिंह).नई दिल्ली : राजकमल प्रकाशन, प्रा.लि. ।